
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्नै छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २१९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ ४ गते सोमबार ❑ 21 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सूचना लिने मात्रै होइन दिने संस्कारको विकास आवश्यक : प्रधानमन्त्री

**रासस**
काठमाडौं, ३ भदौं

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भ्रष्टाचार नियन्त्रणका लागि सूचना लिने मात्र होइन दिने संस्कारको विकास गर्न आवश्यक भएको बताउनुभएको छ।

आइतबार १७औँ राष्ट्रिय सूचना दिवसका आयोजित कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले सार्वजनिक निकायमा घुस, ढिलासुस्ती, गलत निर्णय, अपारदर्शी व्यवहारलगायतका विषयमा सूचना दिन उत्प्रेरित गर्न कानुनी व्यवस्था गर्न जरूरी भएको बताउनुभयो । "विश्वमा भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा प्रयोग भएको नयाँ प्रविधिमा आधारित 'ब्लकचेन टेक्नोलोजी'बारे अध्ययन गर्न आवश्यक छ", उहाँले भन्नुभयो, "अब सार्वजनिक ओहोदामा रहेका हरेक व्यक्तिको सम्पत्तिसहितका व्यक्तिगत विवरण गोप्य राख्ने प्रचलन हटाउन जरुरी छ ।" उहाँले सार्वजनिक पदाधिकारीको काम कारबाहीबारे जनताको कम निगरानी, नागरिक समाजलाई राज्यको सूचनामा पहुँच कम हुने अवस्थाका कारण भ्रष्टाचार मौलाउँदै जाने खतरा भएको बताउनुभयो।

राष्ट्रिय सूचना आयोगद्वारा आयोजित कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले सूचना दिवसको शुभकामना दिँदै सूचनाको हकसम्बन्धी कानुन लागू भएको लामो समयसम्म पनि नागरिकले यस हकको व्यापक प्रयोग गर्न नसकेको गुनासो गर्नुभयो । "संविधान र कानुनमा सबै सार्वजनिक निकायमा रहेका सूचनाको वास्तविक मालिक नागरिकलाई मानिए पनि सबै प्रकारका सूचनामा उनीहरूको पहुँच स्थापित हुन नसकेको अनुभूति भइरहेको छ । यसैगरी कानुन कार्यान्वयनमा सार्वजनिक निकायलाई अझै बढी जिम्मेवार र जवाफदेही बनाउनुपर्ने देखिन्छ", उहाँले भन्नुभयो । सूचनाको हकसम्बन्धी व्यवस्था सार्वजनिक निकायमा पहुँच पुऱ्याउन सक्ने केही सीमित मान्छेका लागि मात्र नभएर वर्षैदेखि राज्यवाट उपेक्षित र उत्पीडनको अवस्थामा रहेका किसान, मजदूर, महिला, दलित, सीमान्तकृत समुदायसहित आम जनसमुदायका लागिसमेत भएको उहाँको भनाइ छ। उहाँले नेपालको सूचनाको हकसम्बन्धी ऐनलाई विश्वका उत्कृष्ट ऐनहरूको सूचीमा राखिएको स्मरणसमेत गराउनुभयो । उहाँले यस हकको प्रभावकारी कार्यान्वयनले सरकारका कामकारबाहीलाई लोकतान्त्रिक पद्दतिअनुरूप खुला र पारदर्शी बनाइ शासकीय संयन्त्रलाई आम नागरिकप्रति उत्तरदायी, जवाफदेही र जिम्मेवारी बनाउने बताउनुभयो।

"राज्यका सूचनामा आम नागरिकको पहुँच र सहभागिता अभिवृद्धि गराउनु नै लोकतान्त्रिक प्रणालीको संस्कार हो", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो । सूचना प्रविधिको समायानुकूलको तीव्र विकाससँगै नेपालमा सार्वजनिक निकायमा 'डिजिटल गभर्नेन्स'को प्रयोग बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो । प्रधानमन्त्री प्रचण्डले आयोगको क्षमता बढाइ सूचनाको हक कार्यान्वयनका लागि सरकारले सबैखालको सहयोग गर्न तयार रहेको समेत स्पष्ट पार्नुभयो।

## कास्कीमा मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भदौं

कास्की जिल्लाको रुपा गाउँपालिकामा सवारी दुर्घटनामा परी दुई युवाको मृत्यु भएको छ।

पोखरा महानगरपालिका-३२ बाट रुपातालतर्फ जाँदै गरेको प्रदेश नं ३-०२-००९प ५२०५ नम्बरको मोटरसाइकल शनिबार साँझ दुर्घटना हुँदा लमजुङ दूधपोखरी गाउँपालिका-६ का २९ वर्षीय कृष्ण गुरुङ र सोही ठाउँका २४ वर्षीय अशोक गुरुङको निधन भएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ।

मोटरसाइकल रुपा गाउँपालिका-६ निगालझाँप्रास्थित भित्रीसडकबाट अन्दाजी ८०-९० मिटर तल सोही सडकको घुम्तीको तल्लो बाटोमा खस्न पुगेको बताइन्छ । दुर्घटनालगत्तै घाइतेलाई इलाका प्रहरी कार्यालय शिशुवाबाट गएको प्रहरी टोलीले उद्धार गरी उपचारका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा पुऱ्याइएको थियो।

चिकित्सकले जाँचका क्रममा दुवै जनालाई मृत घोषणा गरेका थिए। प्रहरीले दुर्घटनाको कारणबारेमा अनुसन्धान भइरहेको जनाएको छ।

## पोखराका तीन वडामा सहरी स्वास्थ्य केन्द्र

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भदौं

पोखरा महानगरपालिकाले स्वास्थ्यमा नागरिकको पहुँच वृद्धि गर्ने उद्देश्यले थप तीन वडामा सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याउने भएको छ।

नागरिकलाई घरआँगनमै स्वास्थ्य सेवाको पहुँच विस्तार गरी आधारभूत स्वास्थ्योपचार सेवा प्रदान गर्ने उद्देश्य राखिएको छ। हाल महानगरमा २३ सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा छन्।

महानगरले वडा नं १९ को लामाचौर, वडा नं २१ र वडा नं २४ को बास्कोटमा सहरी स्वास्थ्य केन्द्र स्थापना कार्य अघि बढाएको हो । लामाचौर र वडा नं २१ मा सहरी स्वास्थ्य केन्द्रका लागि पूर्वाधार तयार भइसकेकाले आवश्यक जनशक्ति र साधन स्रोत व्यवस्था गरी छिट्टै सञ्चालमा आउने महानगर स्वास्थ्य महाशाखाका वरिष्ठ अधिकृत हरिलाल आचार्यले बताउनुभयो।

उहाँले भन्नुभयो, "नागरिकलाई आधारभूत स्वास्थ्योपचार सेवा सहरी स्वास्थ्य केन्द्रबाट उपलब्ध हुन्छ। थप तीनवटा स्वास्थ्य केन्द्र सञ्चालनको काम सुरु भएको छ।" कास्कीकोटको बास्कोटमा पूर्वाधार निर्माणकार्य सुरु भएको छ। बास्कोट सहरी स्वास्थ्य केन्द्र भवन रु चार करोड लागतमा निर्माण हुँदैछ । सो केन्द्र भवन दुई वर्षभित्र निर्माण सम्पन्न गरिने महानगरले जनाएको छ।

दुईतलाको सुविधासम्पन्न सो सहरी स्वास्थ्य केन्द्रको भवनलाई भविष्यमा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा स्तरोन्नति गर्ने महानगरको योजना रहेको छ । सो वडामा हाल स्वास्थ्यचौकी सञ्चालनमा छ। पोखरा-२४ को तल्लो भाग र वडा नं २३ तथा अन्नपूर्ण गाउँपालिकाको केही क्षेत्रका बासिन्दाले समेत लाभ लिन सहज हुने सो केन्द्र सुविधासम्पन्न बनाइने महानगरले जनाएको छ । महानगरका वडाहरूमा ल्याब परीक्षणसहितका शिविर सञ्चालनका अभियानसमेत थालिएको छ। पोखरा-२४ का वडाध्यक्ष भरतबहादुर अधिकारीले बास्कोटमा स्वास्थ्य केन्द्र निर्माणले त्यस क्षेत्रका नागरिकलाई सुविधा हुने बताउनुभयो । सामान्य स्वास्थ्यसम्बन्धी समस्या भएपछि पोखरा बजार नै पुग्नुपर्ने बाध्यताको अन्त्य हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । पोखरा महानगर मातहतमा अहिले एक अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र दुई, सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र एक, स्वास्थ्यचौकी १९ र सहरी स्वास्थ्य केन्द्र २३ वटा सञ्चालमा छन्।

## बाढीले पुरिएको डेढ करोड फेला

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३ भदौं

मुस्ताङको कागबेनीमा बाढीले पुरिएको डेढ करोड रुपैयाँभन्दा बढी रकम फेला परेको छ।

आइतबार स्थानीयवासी, सुरक्षाकर्मी र बैंकका कर्मचारीद्वारा भग्नावशेष उत्खनन् गर्ने क्रममा उक्त रकम भेटिएको हो।

बाढीले पुरिएको बैंकको भवन खोतल्दा प्रभु बैंकको रु ५१ लाख ६२ हजार दुई सय २६ र नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको पनि रु एक करोड पाँच लाख ३२ हजार नौ सय ६४ फेला परेको जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रमुख प्रहरी नायब उपरीक्षक रवीन्द्रनाथ पौडलले जानकारी दिनुभयो । बाढीले प्रभु बैंकको भवननै बगाएको थियो भने नेपाल इन्भेस्टमेन्ट मेगा बैंक भएको घर दुई तलासम्म बाढीसँगै आएको लेदोले भरिएको प्रहरी नायब उपरीक्षक पौडेलको भनाइ छ । एक सातापछि आज फेला परेको रकम सुरक्षित नै रहेको उहाँले बताउनुभयो । प्रहरी नायब उपरीक्षक पौडेलले भन्नुभयो, "आज गाउँले, सुरक्षाकर्मी र बैंकका कर्मचारीहरूले उत्खनन गर्ने क्रममा पैसा फेला परेको छ, भल्टसँगै पैसा फेला परेको हुँदा पैसा सुरक्षितनै देखियो, बैंकको भवन छुट्टा-छुट्टै थिए, त्यसले गर्दा कुन बैंकको पैसा हो भन्ने पत्ता लगाउन सहज भयो।"

## उपप्रमुखसँग महिला कार्यक्रम बारे महिला जनप्रतिनिसिँग छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भदौं



पोखरा महानगरपालिकाले सञ्चालन गरेको उपप्रमुखसंग महिला कार्यक्रमबाट ६१९ जना लाभान्वित भएका छन् ।कार्यक्रमबाट आर्थिक वर्ष २०७९/८० सम्म ६१९ जनालाई ११ करोड ४९ लाख ४१९ रुपैयाँ लगानी भएको छ।

लगानी गरिएका मध्य ऋण चुक्ता गरेको पोखरा महानगरपालिका सामाजिक विकास महाशाखाले जनाएको छ । आर्थिक वर्ष २०८०/८१ को लागि १ करोड ५० लाख विनियोजन भएको छ भने ऋण लगानीबाट फिर्ता आएको १ करोड ७५ लाख ९५ हजार ८ सय रुपैयाँ कोषमा मौजात रहेको छ। चालु आर्थिक वर्षका लागि झण्डै साँढे करोड रुपैयाँ रकम उपप्रमुखसंग महिला कार्यक्रम मार्फत ऋण लगानी, कानुनी सचेतना र शैक्षिक सहजताका लागि रहेको सामाजिक विकास महाशाखा महिला विकास अधिकृत एवं कार्यक्रमका सदस्यसचिव विष्णुमाया पौडेलले जानकारी दिइन। यसैबीच आर्थिक वर्ष २०८०/८१ मा उपप्रमुखसंग महिला कार्यक्रम सञ्चालनका लागि महिला जनप्रतिनिधिसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम आइतबार सम्पन्न भएको छ ।उपप्रमुखसंग महिला कार्यक्रम सञ्चालक समितिका संयोजक एवं उपप्रमुख मञ्जुदेवी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा यसको प्रभावकारीता, महिलालाई आर्थिक रुपमा सक्षम बनाउन पुऱ्याएको योगदान लगायका विषयमा छलफल भएको थियो । कार्यक्रमलाई अझै प्रभावकारी बनाउदै लक्षित वर्गका महिलासम्म पुऱ्याउनुपर्नेमा जोड दिइएको छ। ऋण लगानी गर्दा महिला जनप्रतिनिधिको समन्वयमा उपलब्ध गराउने व्यवस्था गर्न महिला जनप्रतिनिधिले सुझाव राखेका थिए। उपप्रमुख गुरुङले महिलाहरु आर्थिक रुपमा सवल र सक्षम नहुदाँ सम्म हिंसा मुक्त समाज बन्न नसक्ने भन्दै उपप्रमुखसंग महिला कार्यक्रम संचालनमा ल्याइएको बताइन। महिलाहरुको क्षमता अभिबृद्धि गराउदै आर्थिक रुपमा सवल र सक्षम बनाउदै उद्यमशिलताको विकास गराउर्ने उद्देश्यले कार्यक्रम ल्याइएको हो। लैङ्गिक हिंसालाई न्यूनीकरण गर्दै पीडित तथा प्रभावितहरुका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने कार्यक्रमले उद्देश्य लिएको छ । कार्यक्रमले महिलाहरुको जीवनमा सकरात्मक परिवर्तन ल्याउने विश्वास सहित सञ्चालनमा ल्याएको हो। 'पोखरा महानगरपालिकालाई महिला मैत्री महानगरपालिकाको रुपमा स्थापित गराउन महिला हिंसालाई न्यूनिकरण गर्नुपर्छ र त्यसका लागि महिलाहरु आर्थिक रुपमा सवल र सक्षम हुर्नुपर्ने तथा महिला आफै सक्षम नहुदाँसम्म हिंसाबाट मुक्त हुन सक्दैन भन्ने कुरालाई ध्यानमा राखेर उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन गरिएको उपप्रमुख मञ्जुदेवी गुरुङको भनाई छ। 'पोखरा महानगरपालिकालाई महिला मैत्री महानगरपालिकाको रुपमा स्थापित गराउन महिला हिंसालाई न्यूनिकरण गर्नुपर्छ र त्यसका लागि महिलाहरु आर्थिक रुपमा सवल र सक्षम हुर्नुपर्ने तथा महिला आफै सक्षम नहुदाँसम्म हिंसाबाट मुक्त हुन सक्दैन भन्ने कुरालाई ध्यानमा राखेर उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन गरिएको हो।' उपप्रमुखसंग महिला कार्यक्रम अर्न्तगत कृषि, व्यवसायीक र घरेलु उद्यमसिलता, रोजगार मुलक, सिप विकास, निर्माण तथा क्षमता अभिबृद्धि सम्वन्धि कार्यक्रमलाई प्राथमिता दिइने छ । उपप्रमुख मञ्जुदेवी गुरुङको संयोजकत्वमा नौ सदस्यीय संचालक समिति रहेको छ । समितिमा कार्यपालिकाका पाँचजना सदस्य, उद्यमशिलता र सीप विकासका क्षेत्रमा काम गरेका दुई जना महिला र पोखरा महानगर महिला विकास अधिकृत सदस्यसचिव रहने ब्यवस्था कार्यविधिमा गरिएको छ।

कार्यक्रम संचालन गर्दा विपन्न, अति विपन्न, एकल, हिंसा पिडित, अपाङ्गता भएका, दलित आदिवासी जनजाति र सिमान्तकृत महिलालाई प्राथमिकता दिइने छ । उक्त कार्यक्रमका लागि आवश्यक बजेट महानगर नगर सभाले गर्ने ब्यवस्था गरिएको छ। उक्त कार्यक्रमका लागि वडाका महिला जनप्रतिधिलाई कार्यक्रमहरु माग समेत गरिएको छ । आफनो वडाको आवश्यकताका आधारमा कार्यक्रम माग गर्न महानगरका ३३ वडालाई अनुरोध गरिएको छ।

छलफल कार्यक्रममा पोखरा वडा नम्वर १७ का अध्यक्ष राधिका योगी शाहिले कार्यक्रमले आर्थिक रुपमा कमजोर महिलाहरुलाई सहजता भएको बताइन । उनले थप ब्यवस्थित बनाउदै कार्यक्रम सञ्चालन गर्न महिला जनप्रतिनिधि जिम्मेवार बन्नुपर्नेमा जोड दिइन । कार्यक्रममा सामाजिक विकास महाशाखा प्रमुख निर्मला शर्मा र महिला विकास अधिकृत एंव कार्यक्रमका सदस्यसचिव विष्णुमाया पौडेलले कार्यक्रमको बारेमा प्रष्ट पारेका थिए।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी विश्वविद्यालय ५ किमि सडक दौड प्रतियोगिता हुँदै

पोखरापत्र संवाददाता
पोखरा, ३ भदौं

गण्डकी विश्वविद्यालयको आयोजनामा ५ कि मि सडक दौड प्रतियोगिता हुने भएको छ। कक्षा ११ र १२ पढ्ने र १२ को परीक्षा दिएका विद्यालयहरुलाई लक्षित गर्दै विश्वविद्यालयले भदौं ९ गते सडक दौड प्रतियोगिता आयोजना गरेको हो।



विश्वविद्यालयले आइतबार पत्रकार सम्मलेन गर्दैसमग्र खेलकुदको विकास, सम्वर्द्धन, प्रवर्द्धन र खेलकुद प्रतिको आकर्षण अभिवृद्धि गर्न योगदान पुऱ्याउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको जनाएको छ। विद्यार्थीहरूलाई खेलकुदका कार्यक्रमहरूको योजना तर्जुमा गर्ने, कार्यक्रमहरू आयोजना गर्ने तथा त्यस्ता कार्यक्रमहरूलाई व्यवस्थापन गर्न सक्षम बनाउने लक्ष्य राखिएको प्रतियोगिताका संयोजक डा मधुसुदन सुवेदीले जानकारी दिए । प्रतियोगिता भदौं ९ गते बिहान ७ बजे सञ्चालन हुनेछ । सहभागी हुनका लागि भदौं ७ गते बेलुका ४ बजेसम्मको समय छुट्टाइएको डा सुवेदीले बताइन् । २०८० सालको कक्षा १२ को परीक्षा दिई बसेका र हाला कक्षा ११ र १२ मा पढ्ने विद्यार्थीले दौडमा सहभागी हुन पाउनेछन् । दर्ता शुल्क २० रुपैयाँ तोकिएको छ । एकै विद्यालयबाट २५ जनाभन्दा बढी सहभागी भएमा सबैको नाम निशुल्क दर्ता गराइने विश्वविद्यालयले जनाएको छ। दौडमा प्रथम, द्वितीय, तृतीय र सान्तवना हुने खेलाडीहरूले क्रमशः १० हजार, ७ हजार,५ हजार र २ हजार नगदसहित मेडल र प्रमाण पत्रको प्राप्त गर्नेछन्।

निर्धारित दुरी पूरा गर्ने पहिलो १० खेलाडीलाई प्रोत्साहन गर्न मेडलको व्यवस्था गरिएको आयोजनाले जनाएको छ । यस प्रतियोगितालाई प्राविधिक सहयोग कास्की जिल्ला एथ्लेटिक्स संघले गरको छ। यो विश्वविद्यालय नेपालमै पहिलो पटक प्रदेश सरकारद्वारा स्थापना गरेको विश्वविद्यालय हो । विश्वविद्यालयले विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुका साथसाथै विश्वविद्यालयले अन्वेषण र अनुसन्धानलाई समेत प्राथमिकतामा राख्दै आइरहेको छ। यो विश्वविद्यालय स्नातक तहमा खेलकुद व्यवस्थापन विषयको पठन पाठन सुरु गरेको नेपालकै पहिलो र एकमात्र विश्वविद्यालय हो । विश्वविद्यालयले खेलकुद क्षेत्रको समग्र विकासलाई विशेष प्राथमिकता दिइरहेको 'ब्याचलर इन स्पोर्टस् म्यानेजमेन्ट' (बिएसएम) कार्यक्रमका संयोजक सुवेदीले बताए। २०७७ सालमा स्थापना भएको यस विश्वविद्यालयमा अहिले ५ संकायका विषयमा पठनपाठन हुँदै आएको छ । नेपालमै पहिलो पटक खेलकुद व्यवस्थापन संकायको पढाई थालेको यस विश्वविद्यालयमा नेपाली महिला भलिबल टिमकी कप्तान अरुणा शाही, नेपाली महिला क्रिकेट टिमकी खेलाडी डली भट्ट अध्ययनतर छन्।

# बुद्ध विशाल वजार व्यापारिक एशोसियसनको अध्यक्षमा अर्याल

पोखरापत्र संवाददाता
पोखरा, ३ भदौं

बुद्ध विशाल वजार व्यापारिक एशोसियसन पोखराको २५ औं बार्षिक साधारण सभा एवं १३ औं अधिवेशनले ईन्द्रराज अर्यालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।



एशोसियसनका उपाध्यक्षमा बुद्धीवहादुर कुँवर, महासचिवमा राजु केसी, सचिवमा थमनसिंह गुरुङ र कोषाध्यक्षमा शान्ति श्रेष्ठ जोशी चयन भएका छन् । यसैगरी सदस्यहरुमा ईन्द्रमाया गुरुङ, मनोहरि पौडेल, प्रेमप्रसाद आचार्य, कृष्ण कुँवर, अनु थापा र लक्ष्मण आचार्य चयन भएका छन् । अध्यक्ष चयन भएपछि बोल्दै अध्यक्ष अर्यालले संस्थाको व्यवसायिक हकहितका कुरामा ध्यान दिँदै संस्थाको छवि झन् उचाइमा पुर्याउने प्रतिवद्धता व्यक्त गरेका छन् । यसअघि अधिवेशनको उद्घाटन गर्दै प्रदेशका अर्थमन्त्री जीत प्रकाश आलेले सरकारले मात्रै विद्यामान आर्थिक संकट टार्न नसक्ने बताउदै निजि क्षेत्र पनि सरकारसँगै हुनुपर्ने बताए। कोरोना संक्रमण मत्थर भएसँगै आर्थिक संकटबाट मुक्त हुने अपेक्षा राखेपनि रुस र युक्रेनबीचको युद्धले झनै शिथिल बनाएको मन्त्री आलेले बताए । 'अर्थतन्त्रलाई उकास्न अझै समय लाग्छ जस्तो छ । लामो समयदेखि आर्र्थिथथक रुपमा व्यापारी उद्योगलाई धेरै गाह्रो छ', उनले भने, 'बैंकबाट ऋण लिने बेला जुन ब्याजदर थियो बैंकले आफूखुशी बढाएर तिर्न केही ढिला भयो भने लिलामै गर्न सूचना जारी गर्दा सबैलाई बडो आक्रन्त बनाएको छ ।' सरकारलाई सफल वनाउन स्थानीय प्रदेश र केन्द्र सरकारको तालमेल आवस्यक रहेको वताए। उनले संघीयताको सहि व्यवस्थापनको लागि सवैको हातेमालो जरुरी रहेको वताए। पोखरा महानगरपालिका ४ का वडाध्यक्ष देबकृष्ण पराजुलीले व्यवसायी साथीहरूका समस्या समाधान गर्न आफु प्रतिवद्ध रहेको बताए । एसोसिएसनका मानार्थ सदस्य सुदीप ढकालले एसोसिएसनआजयोअवस्थासम्म आएकोमा आफुलाई निकै खुशी लागेको बताए । संस्थाका अध्यक्ष केशववहादुर खत्रीको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका महासचिव वलराम आचार्य, कोषाध्यक्ष थमनसिंह गुरुङ, महासचिव बुद्धीवहादुर कुँवर, सचिव राजु केसी लगायतले वोलेका थिए।

कार्यक्रममा संस्थाका अध्यक्ष केशववहादुर खत्रीलाई दीर्घसेवा पदकबाट व्यवसायहिरुको तर्फबाट जेष्ठ सदस्य राधेश्याम खेतानले सम्मान गरेका थिए। त्यसैगरि अधिवेसनको अवसरमा संस्थाका महासचिव बुद्धीवहादुर कुँवर र प्रवक्तृता तथा प्रेस संयोजक मनोहरि पौडेललाई रजत पदकबाट सम्मान गरिएको थियो। साथै रजत महोत्सवको अवसरमा प्रकासित स्मारिकामा विज्ञापन संयोजक रहेर उत्कृष्ट कार्य गरेकोमा संस्थाका कोषाध्यक्ष थमनसिह गुरुङ सुरक्षा तथा पार्किङ संयोजक उत्कृष्ट कार्य गरेकोमा ज्ञानेन्द्रमान श्रेष्ठलाई उत्कृष्ट संयोजकबाट पुरस्कृत गरिएको थियो । कार्यक्रममा एसईइ तथा प्लस टुमा उत्कृष्ट अंक ल्याउने व्यवसायीका छोराछोरी तथा पुराना व्यवसायीलाई सम्मान गरिएको थियो । कार्यक्रममा बुद्ध विशाल वजार व्यापारिक एशोसियसनको रजत महोत्सवको अवसरमा एशोसियसनको लोगो अकित पिन तथा एशोसियसनले प्रकासित गरेको स्मारिकाको गण्डकी प्रदेशका अर्थमन्त्री जीत प्रकाश आलेमगरले विमोचन गरेका थिए।

# वन विधेयक विषयगत समितिमा

पोखरापत्र संवाददाता
पोखरा, ३ भदौं

गण्डकी प्रदेशसभाको आजको बैठकले 'प्रदेशभित्रको वनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक' दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ।

उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले संशोधन प्रस्तावसहित सो विधेयक दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रदेशसभा बैठकसमक्ष पेस गर्नुभएको थियो।

समितिमा दफावार छलफलपछि प्रदेशसभाबाट विधेयक पारितका लागि प्रक्रिया अगाडि बढ्ने प्रदेशसभा सचिवालयका सूचना अधिकारी प्रेम सुवेदीले जानकारी दिनुभयो।

उक्त विधेयकमा १३ प्रदेशसभा सदस्यले संयुक्त रुपमा संशोधन प्रस्ताव दर्ता गराएका छन्।

बैठकको शून्य समयमा बोल्ने प्रदेशसभा सदस्यहरुले वर्षात्का कारण क्षति व्यहोरेका नागरिकलाई राहत प्रदान गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । प्रदेशसभा बैठक अर्को सूचना जारी नहुँदासम्मका लागि स्थगन गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ।

# खुल्ला फुटसल प्रतियोगिताको उपाधि न्युरोडलाई

पोखरापत्र संवाददाता
पोखरा, ३ भदौं

रोट्र्याक्ट क्लब अफ हेमजाकोको आयोजनामा भएको खुल्ला फुटसल प्रतियोगिताको उपाधि रोट्र्याक्ट क्लब अफ पोखरा न्युरोडले उचालेको छ।

'युवा एकता र स्वास्थ्यका लागि खेलकुद' भन्ने मूल उद्धेश्यका साथ आयोजित प्रतियोगितामा नदिपुर युनाइटेड उपबिजेता बनेको छ । प्रतियोगिताको विजेता रोट्र्याक्ट क्लब अफ पोखरा न्युरोडल ३० हजार र उपविजेता नदिपुर युनाइटेडले १७ हजार रुपैयाँको साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। प्रतियोगितामा कुसल गुरुङ सर्वाधिक गोलकर्ता तथा मनिस क्षेत्री उत्कृष्ट खेलाडी घोषित हुनुभयो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी र सर्वाधिक गोलकर्ताले १/१ हजार प्राप्त गर्नुभयो।

## आखाँ पाक्ने रोगका लक्षण देखिएमा घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु

◆ बरफले आँखा सेक्ने।
◆ सेक्दा आँखा बन्द गरेर वा सफा रुमालले सेक्ने।
◆ आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
◆ आँखा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने।
◆ प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने।
◆ बाहिर घाममा जाँदा कालो चस्मा लगाउने।
◆ संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदी दैनिक धुने।
◆ संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अरुलाई प्रयोग गर्न नदिने।
◆ स्वास्थ्यकर्मीको सल्लाहविना जथाभावी औषधी प्रयोग नगर्ने।
◆ दृष्टि कम हुने लगायका आँखा सम्बन्धी समस्या बढेमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ढिकालेथरमा क्यान्सर सचेतना




पोखरापत्र संवाददाता
पोखरा, ३ भदौं

नेपाल अर्वुदरोग निवारण संस्था कास्की शाखा र ढिकालेथर टोल विकास संस्थाको आयोजना र ढिकालेथर सेवा समितिको सहयोगमा हालै क्यान्सर सचेतना कार्यक्रम सम्पन्न भयो।

गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री खगराज अधिकारीले क्यान्सर सचेतना कार्यक्रमले समाजमा सकारात्मक सन्देश फैलने भने । संस्थाका सभापतिद्धय प्रेम बहादुर भुजेल र गुप्तबहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा ढिकालेथर टोल विकास संस्थाका उपाध्यक्ष उमर शोभा गुरुङले स्वागत गरेका थिए । नेपाल अर्वुद रोग निवारण संस्था कास्की शाखाका निवर्तमान सभापति रामचन्द्र थापा र ढिकालेथर टोल विकास संस्थाका पूर्व सभापति एवं सल्लाहकार सु. भरत बहादुर कार्की लगायतले वोलेका थिए।

नेपाल अर्वुदरोग निवारण संस्थाका उपसभापति एवं वरिष्ठ प्रशिक्षक नारायण पराजुलीले प्रोजेक्टरद्वारा क्यान्सर र आहार विहार बारेमा सहजिकरण गरेका थिए। नेपाल अर्वुदरोग निवारण संस्था कास्की शाखाका सचिव डिल्ली प्रसाद शर्मा कार्यक्रम संचालन गरेका थिए।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाइसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# गण्डकी प्रदेशसभामा प्रश्नोत्तरको अभ्यास सुरु

**वासुदेव पौडेल/रासस**
गण्डकी, ३ भदौं

गत बुधबार गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेशसभाको बैठकलाई सम्बोधन गर्नुभयो । गण्डकी प्रदेशसभामा प्रदेशसभा सदस्यहरूले सोधेका प्रश्नको उहाँले जवाफ दिनुभएको थियो ।

प्रदेशसभा बैठकलाई गएको बुधबार भएको सम्बोधनपछि त्यसमा आधारित भएर मुख्यमन्त्रीलाई प्रदेशसभा सदस्यले प्रश्न गर्नुभएको थियो र उहाँले प्रत्येक प्रश्नको जवाफ दिनुभएको थियो । प्रश्न गण्डकी प्रदेश क्षेत्रका थिए र अधिकांश विकास निर्माण एवं प्रदेशको चासोका विषयहरू नै थिए ।

गण्डकी प्रदेशसभाको यो कार्यकाल दोस्रो हो । यसअघि अघिल्लो प्रदेशसभामा यसरी मुख्यमन्त्री तथा मन्त्रीसँग प्रदेशसभाका सदस्यको सवालजवाफ अर्थात् प्रश्नोत्तर हुने गरेको थिएन । प्रदेशसभा नियमावली, २०८० मा भएको प्रावधानअनुसार बुधबार विभिन्न नौ जना सदस्यले राखेका प्रश्नको मुख्यमन्त्री पाण्डेले जवाफ दिनुभएको हो । योसँगै गण्डकी प्रदेशमा पनि अब सङ्घीय संसद्मा प्रधानमन्त्री र मन्त्रीसँग सांसदले गर्ने गरेको सवाल-जवाफको अभ्यास मुख्यमन्त्री र प्रदेशसभा सदस्यका बीचमा पनि सुरु भएको हो ।

उक्त नियमावलीको परिच्छेद ९ मा मुख्यमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको व्यवस्था गरिएको छ । उक्त परिच्छेदको ५६ मा मुख्यमन्त्री वा निजको कार्यक्षेत्रसँग प्रत्यक्षरूपमा सम्बन्धित महत्त्वपूर्ण विषयमा प्रश्न सोध्नका लागि सभामुखले सामान्यतया प्रत्येक महिनाको पहिलो हप्ताको कुनै दिनको बैठकको पहिलो एक घन्टा निर्धारण गरिने विषय उल्लेख गरिएको छ । यस नियमअन्तर्गत प्रश्न गर्दा एक दिनको बैठकमा बढीमा १० जना सदस्यले मात्र प्रश्न सोध्न सक्ने उल्लेख गरिएको छ । बुधबार प्रदेशसभा सदस्य कृष्णप्रसाद पाठक, देवका पहारी, भक्तबहादुर कुँवर, भीमबहादुर कार्की, यशोदा रिमाल, लक्ष्मणबहादुर पाण्डे, सीताकुमारी सुन्दास, गोविन्दबहादुर नेपाली र पद्मा जिसी गरी नौ जनाले विभिन्न समसामयिक विषयमा प्रश्न गर्नुभएको थियो । मुख्यमन्त्रीको सम्बोधनमाथि पहिलो प्रश्न गर्दै प्रदेशसभा सदस्य कृष्णप्रसाद पाठकले कालीगण्डकीमाथि उत्खनन भइरहेको भन्दै त्यसलाई रोक्न आग्रह गर्नुभयो । उहाँले कालीगण्डकीमा पाइने शालिग्राम शिलालाई गैरकानुनीरूपले लैजाने काम पनि रोक्न आग्रह गर्नुभयो । आफूले विगतदेखि नै बागलुङ र पर्वत जिल्लाका प्रहरी तथा प्रशासनलाई कालीकण्डकी नदीको दोहनजस्तो गैरकानुनी काम रोक्न बारम्बार आग्रह गरेको तर पनि प्रशासन र सरोकारवालाले त्यसमा ध्यान नदिने गरेकाले प्रदेशसभाको ध्यान त्यसतर्फ तत्कालै जानुपर्ने बताउनुभएको थियो । उक्त प्रश्नको जवाफ मुख्यमन्त्री पाण्डेले यसरी दिनुभएको थियो, "कालीगण्डकीको अवैध उत्खनन भयो ।

यो अवैध छ। स्टेअडर छ। अवैध उत्खनन भए रोक्छौँ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "जे भूगर्भविद् हरूले अध्ययनमा देखाउनुभएको छ । मानवबस्तीलाई जोगाउन समस्याको समाधान गर्न सरकार तयार छ ।" प्रदेशसभा नियमावली, २०८० मा भएको व्यवस्थाअनुसार नै गण्डकी प्रदेशसभामा प्रश्नोत्तरको अभ्यास सुरु भएको गण्डकी प्रदेश सरकारका प्रवक्ता सरस्वती अर्याल बताउनुहुन्छ। नियमावलीको परिच्छेद ८ मा प्रदेश सरकारको कार्यक्षेत्र एवं उत्तरदायित्वभित्रको सार्वजनिक महत्वको कुनै पनि विषयमा बैठकमा प्रश्न सोध्न सकिने उल्लेख गरिएको छ । सभाको अधिवेशन प्रारम्भ भएपछि प्रश्न दर्ता गर्न सकिने र त्यस्तो प्रश्न संविधान तथा प्रचलित कानुनको भावना एवं संसदीय मर्यादा एवं अभ्यासको प्रतिकूल हुन नहुने नियमावलीमा भनिएको छ । नियमावलीको नियम ४८ मा प्रश्न गर्न नपाइने विषय उल्लेख गरिएको छ । जसअनुसार संविधान वा प्रचलित कानुनबाट प्रकाशन निषेध गरिएको विषय, स्वभावतः गोप्य रहने कुरा वा प्रकाशन गर्दा राष्ट्रिय हितविपरीत हुन जाने मन्त्रिपरिषद्को कुनै निर्णय वा कारबाही, सभा वा कुनै समितिको निर्णयको आलोचना गरिएको विषयमा प्रश्न गर्न नपाइने उल्लेख छ। त्यस्तै चालु अधिवेशनमा छलफलद्वारा स्पष्ट भइसकेको विषय, प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रचारको लागि कुनै व्यक्ति वा संस्थाको नाम आदि भएको विषयमा पनि प्रश्न गर्न नपाइने भनिएको छ ।

लोकतान्त्रिक व्यवस्थालाई अझै प्रभावकारी बनाउन यो अभ्यास महत्त्वपूर्ण भएको प्रवक्ता अर्यालले बताउनुभयो । यो व्यवस्थासँगै प्रदेशसभामा कुनै पनि महत्त्वपूर्ण विषय एवं सम्बोधनमाथि प्रश्न गर्न सकिने र त्यसको सम्बन्धित मुख्यमन्त्री वा मन्त्रीले जवाफ दिनुपर्ने परिपाटी थालनी भएको छ । सरकार मुख्यमन्त्री एवं मन्त्रीसँग गरिने प्रत्यक्ष प्रश्नोत्तरले प्रदेशसभाको गरिमालाई अझै उचो बनाउने प्रदेशसभा सदस्य कृष्णप्रसाद पाठक बताउनुहुन्छ । यो दोस्रो कार्यकाल भए पनि मुलुक प्रादेशिक सरकारको अभ्यासमै छ र प्रारम्भिक चरणमा गरिएका यस्ता अभ्यासले आगामी दिनमा देशमा प्रदेश सरकारको महत्व र आवश्यकतालाई पूर्ति गर्नुका साथै सङ्घीय सरकारले जस्तै यसले पनि पूर्णरूपमा आफ्नो संसदीय अभ्यासलाई अघि बढाउन सक्ने धारणा राख्नुभयो। "योप्रश्नोत्तरकोव्यवस्थाले कार्यपालिकालाई व्यवस्थापिकाप्रति थप जिम्मेवार बनाउन पनि विशिष्ट भूमिका खेल्दछ", उहाँले भन्नुभयो, "यो अभ्यास प्रत्येक प्रदेशसभा सदस्यलाई आफ्ना मतदाता, आम सर्वसाधारण एवं समाज र राष्ट्रका सन्दर्भमा नागरिकका आवश्यकता र चासोका विषय उठाउने र प्रदेश सरकारका प्रमुखबाटै जनताले आफ्ना सरोकारका विषयमा जवाफ प्राप्त गर्न पाउने एक पारदर्शी अवसरका रूपमा पनि स्थापित हुनेछ ।" नियमावलीले व्यवस्था गरेअनुसार आगामी दिनमा प्रश्नोत्तरको कार्यलाई नियमितरूपमा सञ्चालन गरिने गण्डकी प्रदेशका सभामुख कृष्णप्रसाद धितालले बताउनुभयो । यो व्यवस्थाले प्रदेशसभाको गरिमालाई पनि उचो बनाउन थप सहयोग गर्ने बताउँदै उहाँले सम्बन्धित मन्त्रीलाई पनि यसले जिम्मेवार बनाउने बताउनुभयो । "यसले सम्बन्धित मन्त्रीलाई बोल्ने क्रममा तयारी गरेर आउनका लागि पनि जिम्मेवार बनाएको छ", उहाँले भन्नुभयो । यसबाट मन्त्री तथा प्रदेशसभा सदस्यहरू आफ्ना चासो र आवश्यकताका विषयमा अद्यावधिक रहने, जानकारी राख्ने र नागरिकलाई जवाफ दिनुपर्छ भन्ने जिम्मेवारीको बोध गराउने सभामुखले बताउनुभयो । नियमावलीले प्रश्नोत्तरका लागि तीन दिनअघि टिपाउनुपर्ने व्यवस्थासँगै वक्तव्यका सन्दर्भमा तत्काल पनि सोध्न सकिने प्रावधान पनि राखेको उहाँले जानकारी गराउनुभयो ।

# सफलको अभियान "मीठो स्वाद जिन्दगीको"

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भदौं




सुजल डेरीले "मीठो स्वाद जिन्दगीको" नामक अभियानलाई निरन्तरता दिएको छ।

कम्पनीले मीठो स्वाद जिन्दगीको मार्फत आजको व्यस्त जीवनशैली बीच घ्यूको मीठो स्वाद, पौष्टिकता र सुगन्धले सम्पूर्ण परिवारलाई एक ठाउँमा ल्याउने विश्वास राखेको जनाएको छ।

सन्तुलित खाना सबैको आवश्यकता भए पनि परिवारका हरेक सदस्यको फरक-फरक चाहनाका कारण घर-घरका गृहिणीहरूका लागि आफ्नो परिवारलाई पोषण पुऱ्याउनु चुनौतीपूर्ण बनेको छ । यस्तो अवस्थामा सफल घ्यूको स्वाद र सुगन्धले सबै जसो परिकारमा स्वाद बढाउने हुनाले परिवारका सम्पूर्ण सदस्यले सन्तुलित र पोषण युक्त परिकार मार्फत जोडिँदै थप स्वस्थ र स्फूर्त जिन्दगी जिउन सक्ने कम्पनीले जनाएको छ । सुजल डेरीको उत्कृष्ट उत्पादन सफल घ्यू पोखरा, काठमाडौं लगायत देशभरका सबै मुख्य सहरमा पाइन्छ । गाई तथा भैंसीको शुद्ध मक्खनलाई खारेर बनाईएको सफल घ्यू खाँदा मीठो हुनाका साथै स्वास्थ्यको लागि फाइदा जनक रहेको कारण परिवारको नियमित खानामा यसको प्रयोग राम्रो कम्पनीको दावी रहेको छ । साथै यसको दानेदार, सुगन्धित तथा पूर्ण रूपमा शुद्ध र पौष्टिक विशेषताका कारण विभिन्न चाडपर्व तथा समारोहहरूमा ताजा र मनै लोभ्याउने परिकार बनाउनको लागि यो उत्कृष्ट रहेको छ।

# ग्लोबलमा अर्चित स्मृति कप

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भदौं

पोखरा-१२ रानीपौवामा अवस्थित ग्लोबल कलिजियट स्कुलले अर्चित स्मृति कप सम्पन्न गरेको छ।

कक्षा-७ मा अध्ययनरत छात्र अर्चित बास्तोलाको गत वर्ष साउन २५ गते निधन भएकामा उनैको स्मृतिमा विद्यालयले कक्षा-७ मा अध्ययनरत विद्यार्थीहरु बिच अन्तरसदनात्मक स्मृति कप आयोजना गरेको हो। स्मृति कप अन्तर्गत छात्रहरुको फुटसल र छात्राहरु बिच बास्केटबल प्रतियोगिता आयोजना गरिएको थियो। छात्र फुटसलतर्फ जुपिटर सदन प्रथम हुन सफल भयो भने मर्करी सदनले द्वितीय स्थानमै चित्त बुझायो । त्यस्तै छात्रा बास्केटबलतर्फ मर्करी सदन विजेता बनेकामा स्याट्रन सदन उपविजेता बन्यो । साउन २४ गते भएको प्रतियोगितामा विजेता विद्यार्थी खेलाडीहरुलाई आइतबार एक कार्यक्रमका बिच मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो । सो कार्यक्रममा विद्यालयका वरिष्ठ शिक्षक द्रोणराज उपाध्यायले प्रमाणपत्र र विद्यालयका प्राचार्यद्वारा मेडल प्रदान गरिएको हो । पुरस्कार वितरण पश्चात विद्यालयका प्राचार्य बाबुराम पन्तले स्वर्गीय विद्यार्थी अर्चितको आत्माको चिरशान्तिको कामना गर्दै आगामी दिनमा पनि स्मृति कपले निरन्तरता पाउने बताए । कार्यक्रमको सञ्चालन वरिष्ठ शिक्षक कविराज बरालले गरेको जानकारी स्कुलका स्टुडेन्ट डिन रवि पन्तले दिए।

# धारापानीमा 'एक घर, एक धारा'

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ भदौं

जिल्लाको धवलागिरि गाउँपालिका-७ धारापानीमा 'एक घर, एक धारा'सहितको खानेपानी आयोजना निर्माण भएको छ। खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीले धारापानीमा निजी धारा जडित खानेपानी आयोजना निर्माण भएको हो ।

रु एक करोडभन्दा बढीको लागतमा निर्माण भएको आयोजनाबाट दुई सय १४ घरमा निजी धारा जडान गरेर खानेपानी वितरण गरिएको धारापानी खानेपानी आयोजनाको उपभोक्ता समितिका अध्यक्ष फतबहादुर खत्रीले जानकारी दिनुभयो । "आर्थिक वर्ष २०७३/७४ मा विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार भएकामा २०७७/७८ देखि निर्माण सुरु भएको थियो", उहाँले भन्नुभयो, "यो आयोजनाको काफलडाँडा र बगरको स्किम यसअघि नै निर्माण सकिएको थियो । धारापानीमा सबै घरमा धारा जडान गरेर खानेपानी वितरण भएको छ ।" धारापानीकी मञ्जु थापाले घरमै जडान भएको धारामा नियमित खानेपानी आपूर्ति हुन थालेपछि समयको बचत र झन्झट हटेको बताउनुभयो। "पहिले सार्वजनिक धाराबाट पानी ल्याउन पालो कुर्नुपर्ने थियो", उहाँले भन्नुभयो, "घरमै धारा बनेपछि खानेपानीका कारणले विवाद हुन छाडेको छ।" यसअघि सार्वजनिक धारामार्फत खानेपानी वितरण हुने आयोजनाको संरचना जीर्ण हुदाँ नियमित खानेपानी आपूर्ति नहुने समस्या थियो । धारापानीका बासिन्दा खानेपानी लिन, स्नान र कपडा धुन पँधेरा भन्ने ठाउँमा पुग्ने गर्दथे । उपभोक्ताको श्रमदानबाहेक रु एक करोड ११ लाख ९८ हजार दुई सय ४२ को लागतमा आयोजना निर्माण भएको खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीले जनाएको छ । कार्यालयका प्रमुख सुरेन्द्र पौडेलले अनुमानित लागतभन्दा कम खर्चमा आयोजना निर्माण सकिएको बताउनुभयो ।

"रु एक करोड ६५ लाख लागत अनुमान गरिएको थियो", उहाँले भन्नुभयो, "ठेक्कामार्फत काम गर्ने हिसाबले तयार पारिएको लागत अनुमानमा उपभोक्ताले काम गर्दा कर, फिजिकल, आर्थिक प्रशासनिक परामर्श शीर्षकको खर्च घटेको छ।" कुल लागतको २० प्रतिशत बराबर उपभोक्ताले श्रमदान गरेका छन् । कोतखोलाको उत्तिसिनेमा मुहान रहेको आयोजनाको मुख्य पाइप लाइनमा ७५ एमएमको नौ हजार चार सय ९० मिटर पोलिथिन र एक हजार तीन सय आठ मिटर जिआइ पाइप जडान भएको छ। बीस हजार एक सय ३५ मिटर शाखा पाइप लाइन बनाइएको छ । मुख्य र शाखा पाइप लाइन खन्ने र पुर्ने काममा रु २९ लाख ७४ हजार आठ सय ९५, पाइप र फिटिङका सामान खरिदमा रु २४ लाख ३२ हजार चार सय ६० खर्च भएको छ।

एक सय र २० घनमिटर क्षमताको रिजर्भ ट्याङ्की, सामग्री भण्डारगृह, एकवटा डिसी र एकवटा विपिटीसहितका संरचना बनाउन रु ५७ लाख ९० हजार आठ सय ८६ खर्च भएको कार्यालयले जनाएको छ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.-७ निवासी भारतीय भु.पु.सै.नं. 607114 L नायव सुवेदार भगत सिंह गुरुङको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा कमला गुरुङ र जन्ममिति वि.सं. २०१०/१२/२८, इ.सं. १९५४/४/१० भएको र पतिको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नामथर माईली गुरुङ र जन्ममिति 1956 भएकोले उल्लेखित दुवै नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला पोखरा महानगरपालिका, ७ नं. वडा कार्यालयको च.नं. ३९ मिति २०७९/०४/१० को सिफारिस पत्रबाट लेखि आएकोले पेन्सन प्रयोजनको लागि नियमानुसार हुन अनुरोध छ ।


## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### फेदीखोला, गण्डकी प्रदेश, नेपाल

## बढाबढ सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान को पुनः प्रकाशित सूचना

**दोश्रो पटक सूचना प्रकाशित मिति २०८०/०५/०४**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ (२) र सोही दफाको उपदफा (२) घ (११) तथा प्रदेश सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् संकलन, क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५ अनुसार यस गाउँपालिकाबाट आ.व. २०८०/८१ को लागि निम्न शिर्षकहरुमा कर, सेवा शुल्क, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सूचना पुनः प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरि तपसिलमा उल्लेखित ठेक्का नं. अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको हुँदा हरेक दरभाउपत्र रु. १०००/- मा खरिद गरि छुट्टाछुट्टै दरभाउपत्र निर्धारित मिति भित्र पेश गर्न सबै इच्छुक तथा रित पुगेका दरभाउपत्रदातालाई सूचित गरिन्छ। मिति २०८०/०५/१८ गतेको कार्यालय समय भित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात सहित निवेदन दिइ तोकिएको दरभाउपत्र दस्तुर तिरी दरभाउपत्र खरिद गर्न सक्नेछन् । मिति २०८०/०५/१९ गतेको मध्यान्ह १२:०० बजे भित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात संलग्न राखी दरभाउपत्र दाखिला गर्न सक्नेछन् । यस सम्बन्धमा तोकिएका शर्तहरु लगायत थप जानकारी प्राप्त गर्न ईच्छुक दरभाउपत्रदाताले यस कार्यालयको Website: www.phedikholamun.gov.np हेर्नुहुन वा यस कार्यालयमा कार्यालय समय भित्र राजश्व उपशाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

**तपसिल**

| क्र. सं. | सूचना नं. ०३/०८०/८१/पी.आर.एम.को ठेक्का नं. | कार्यको नाम | आ.ब.२०८०/८१ को लागि न्यूनतम अंक रु. (मु.अ.क.सहित) | दरभाउपत्र फारम दस्तुर | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 12-PRM-RT-SQ-080-81-3 | कुभिण्डे मट्टिखान नुवाकोट पौवैगौंडे सडक | १,४०,०००/- | १०००/- | दरभाउपत्रदाताले आँफुले कबोल गरेको मु.अ.क. सहितको कबोल अंकको कम्तीमा ५ प्रतिशतले हुने रकम धरौटी वापत राख्नुपर्नेछ। | |
| २ | 13-PRM-RT-SQ-080-81-3 | खड्केटारी वाँगे पञ्चासे दोबिल्ला सडक | ४,००,०००/- | १०००/- | | |
| ३ | 14-PRM-RT-SQ-080-81-3 | फेदीखोला मिरुडाँडा कालाभैरव नुवाकोट सडक | २५,०००/- | १०००/- | | |
| ४ | 15-PRM-RT-SQ-080-81-3 | कुभिण्डे डाँडागाउँ नुवाकोट सडक | २०,०००/- | १०००/- | | |
| ५ | 16-PRM-RT-SQ-080-81-3 | सर्केटारी दामगाडे रामकोट नुवाकोट सडक | २०,०००/- | १०००/- | | |
| ६ | 17-PRM-RT-SQ-080-81-3 | पर्सेभाटी टोड्के सडक | २०,०००/- | १०००/- | | |
| ७ | 18-PRM-RT-SQ-080-81-3 | सर्केटारी गलेम पञ्चासे सडक | १,७१,०००/- | १०००/- | | |
| ८ | 19-PRM-RT-SQ-080-81-3 | कुखुरेखोला चनौटे भाटखोला र फेदीखोला स्थानचौर चनौटे पुलको मुख सडक समेत | ३४,०००/- | १०००/- | | |
| ९ | 20-PRM-RT-SQ-080-81-3 | फेदीखोला कर्मीडाँडा मट्टिखान सडक | २०,०००/- | १०००/- | | |